**अनुसूची २**

(दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्बन्धित)

बर्दगोरिया गाउँपालिका

# स्थानीय राजपत्र

| खण्डः७ | संख्याः९ | मितिः२०८०/१२/२१ |
|---|---|---|

**भाग-२**

**बर्दगोरिया गाउँपालिका**

**शिक्षक दरबन्दी मिलान कार्यविधि,२०८०**

# बर्दगोरिया गाउँपालिका

## शिक्षक दरबन्दी मिलान कार्यविधि,२०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।१२।२०

बर्दगोरिया गाउँपालिकाको आधारभूत तथा माध्यामिक शिक्षा ऐन,२०७९को दफा ४० र नियमावली ,२०८० को नियम ३२ अनुसार यो कार्यविधि निर्माण गरिएको छ।

परिच्छेद-१

संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम "शिक्षक दरबन्दी मिलान कार्यविधि २०८०" रहेको छ।

ख. यो कायविधि बर्दगोरिया गाउँपालिका भर लागु हुनेछ।

ग. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क. "गाउँपालिका" भन्नाले बर्दगोरिया गाउँपालिका सम्झनु पर्नेछ।

ख. "अध्यक्ष" भन्नाले बर्दगोरिया गाउँपालिकाको गाउँपालिका अध्यक्षलाई बुझ्नु पर्नेछ।

ग. "उपाध्याक्ष" भन्नाले बर्दगोरिया गाउँपालिकाको उपाध्यक्षलाई बुझ्नु पर्नेछ।

घ. "कार्यपालिका" भन्नाले बार्दगोरिया गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

ङ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बर्दगोरिया गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

च. "गाउँ शिक्षा समिति"भन्नाले बर्दगोरिया गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्नेछ।

छ. "दरबन्दी मिलान समिति" भन्नाले बर्दगोरिया गाउँपालिकाको शिक्षक दरबन्दी मिलान समिति सम्झनुपर्दछ।

ज. "कार्यदल" भन्नाले शिक्षक दरबन्दी मिलान कार्यदल बुझ्नु पर्दछ।

झ. दरबन्दी मिलान भन्नाले प्राविधिक धारका र शिक्षण सहयोग अनुदानमा नियुक्त शिक्षक बाहेक स्वीकृत दरबन्दीमा रहेका स्थायी, अस्थायी, राहत, करार, सबै सट्टा शिक्षक र बर्दगोरिया गाउँपालिकाको अनुदानबाट पारिश्रमिक पाउने दरबन्दी सहित कार्यरत शिक्षक मिलान सम्झनुपर्दछ।

ञ. "ऐन" भन्नाले गाउँ शिक्षा ऐन,२०७९ बुझ्नुपर्दछ।

ट. "नियमावली" भन्नाले शिक्षा नियमावली,२०८० लाई बुझ्नुपर्दछ।

ठ. "तह" भन्नाले विद्यालयको आधारभुत र माध्यामिक तह बुझ्नुपर्दछ।

ड. "सामुदायीक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएका नाफारहित प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय बुझ्नुपर्दछ।

ढ. "गाउँपालिका शिक्षा प्रमुख" भन्नाले नेपाल सरकारले खटाएको शिक्षा शाखाको बरिष्ठतम कर्मचारी बुझ्नुपर्नेछ।

ण. "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउछ।

त. "विद्यालयको समायोजन भन्नाले विद्यालय गाभ्ने,ठाउँ सार्ने,नाम परिवर्तन गर्ने,बन्द गर्ने, तह वा कक्षा बढाउने,घटाउने बुझ्नुपर्छ।

थ. "विद्यालय व्यवस्थापन समिति" भन्नाले बर्दगोरिया गाउँपालिका क्षेत्र भित्रका विद्यालयका विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ।

द. तोकिएको वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

ध. "प्रारम्भिक बाल शिक्षा" भन्नाले ४ बर्ष उमेर पुरा गरेका बालबालिकालाई एक बर्षको प्रारम्भिक बाल शिक्षा दिइने विद्यालय वा बालविकास केन्द्र बुझिन्छ।

न. "बालविकास शिक्षक" भन्नाले बालविकास केन्द्र वा कक्षामा कार्यरत शिक्षक सम्झनु पर्दछ।

## परिच्छेद-२

## विवरण अद्यावधिक

१. विवरण अद्यावधिक गर्नेः (१) विद्यालयको कक्षागत विद्यार्थी तथा कार्यरत शिक्षकहको विवरण अद्यावधिक गर्नुपर्नेछ। विवरण अद्यावधिक गर्दा लगत्तै पछिल्लो शैक्षिक सत्रको अन्तिम वार्षिक परीक्षामा सम्मिलित कक्षागत विद्यार्थी संख्या, विद्यालयमा कार्यरत स्थायी,अस्थायी,राहत,करार प्रशिक्षक,शिक्षण सहयोग अनुदान,बालबिकास,सहयोगी र कर्मचारी तथा लगायतको विवरण अद्यावधिक गर्नुपर्नेछ।काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलबभत्ता प्राप्त गर्दछन सोहि विद्यालयको शिक्षक गणना गर्नुपर्नेछ।

२. विद्यालय शिक्षक अनुपात तोक्दा ५० जना विद्यार्थी बरराबर एक जना शिक्षक मानी निकाल्नु पर्नेछ।

## परिच्छेद-३

## विद्यालयगत रुपमा आवश्यक शिक्षक व्यवस्था गर्दा लिइने आधार

१.कक्षा १-३ सञ्चालन भएका विद्यालयमा जति सुकै विद्यार्थी संख्या भए पनि न्यूनतम २(दुई)ओटा दरबन्दी कायम गर्ने ।

२.विद्यालयमा १०५ (एक सय पाँच) जना भन्दा बढी विद्यार्थी भएमा ३ (तीन)ओटा दरबन्दी कायम गर्ने र सो भन्दा माथि विद्यार्थी संख्या भएमा१:३५ शिक्षक विद्यार्थी अनुपातमा दरबन्दी कायम गर्ने ।

३.कक्षा १-५ सञ्चालन भएका विद्यालयमा जतिसुकै विद्यार्थी संख्या भएपनि न्यूनतम ३(तीन)ओटा दरबन्दी कायम गर्ने ।

४.उपदफा घ बमोजिमको विद्यालयमा विद्यार्थी संख्या १४० भन्दा बढी भएमा ४ (चार) दरबन्दी कायम गर्ने र सो भन्दा बढी विद्यार्थी भएमा १:५० को अनुपातमा दरबन्दी मायम गर्ने ।

५.कक्षा ६-८ सञ्चालन भएका सबै विद्यालयहरूमा जतिसुकै विद्यार्थी भएपनि न्युनतम ४ (चार)विषयगत दरबन्दी कायम (साविककव नि.मा.वि. वा राहत कोटा वा गाउँपालिकाबाट अनुदान कोटा मध्ये) गर्ने ।

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

६. उपदफा च बमोजिमको विद्यालयमा १७५ भन्दा बढी विद्यार्थी संख्या भएमा १:३५ को विद्यार्थी अनुपातका दरले आधारभूत तह कक्षा ६-७ मा दरबन्दी वा शिक्षक उपलब्ध गराउने ।

७.कक्षा ९-१० सञ्चालन भएका विद्यालयहरूमा जतिसुकै विद्यार्थी संख्या भएपनि न्यूनतम ५ (पाँच) विषयगत दरबन्दी कायम गर्ने । र सो भन्दा बढी विद्यार्थी संख्या भएमा १:५० का दरले थप दरवन्दी व्यवस्थापन गर्ने ।

८. कक्षा ११-१२ सञ्चालन भएका विद्यालयमा जतिसुकै विद्यार्थी संख्या भएपनि हाललाई न्यूनतम २ (दुई) दरबन्दी उपलब्ध गराउने ।

## परिच्छेद-४

## विषयगत दरबन्दी मिलानका आधार

१. आधारभूत तह कक्षा १-५ का लागि सबै विषय अध्यापन गर्नु पर्नेछ।

२. आधारभूत तह कक्षा ६-८ का अनिवार्य विषयका न्यूनतम ४ (चार) दरबन्दीमा देहायको प्राथमिकताका आधारमा क्रमशः व्यवस्थापन गर्दै जाने।

- नेपाली विषयमा १ दरबन्दी ।
- अंग्रेजी विषयमा एक दरबन्दी।
- गणित विषयमा एक दरबन्दी।
- विज्ञान विषयमा एक दरबन्दी।
- विद्यार्थी संख्या बढि भएको कारण थप दरबन्दी उपलब्ध हुने भएमा सामाजिक तथा अन्य विषयहरुमा थप गर्दै जाने।
- कुनै विद्यालयमा दरबन्दी खाली भएको अवस्थामा दरबन्दी मिलान कार्य नहुँदासम्म विद्यार्थी संख्या कम शिक्षक संख्या बढी भएका विद्यालयमा शिक्षक नियुक्ती सम्बन्धी प्रक्रिया रोक्का गर्ने त्यस्तो दरबन्दीलाई गाउँ शिक्षा समितिको पुल दरबन्दीमा ल्याई दरबन्दी मिलान गर्दा आवश्यक ठाउँमा वितरण गरिने तर जुन विद्यालयमा शिक्षक पदपूर्ति नभएको कारणले विद्यालय नै बन्द हुने या कुनै विषयको पठनपाठन नै हुन नसकि बाधा उत्पन्न हुने अवस्था भएमा गाउँपालिकाले कानुन बमोजिम करार शिक्षक नियुक्तीका लागि प्रक्रिया अगाडी बढाउन सकिनेछ।

३. आधारभूत तहमा सबै विषय शिक्षकले न्यूनतम ५ (पाँच) पिरियड अध्यापन गर्नु पर्नेछ।

४.माध्यामिक तह ९-१० का अनिवार्य विषयका न्यूनतम ५ (पाँच) दरबन्दीमा देहायको प्राथमिकताका आधारमा क्रमशः शिक्षक व्यवस्थापन गर्दै जाने।

- नेपाली विषयमा एक दरबन्दी।
- अंग्रजी विषयमा एक दरबन्दी।
- गणीत विषयमा एक दरबन्दी।
- विज्ञान विषयमा एक दरबन्दी।

बर्दगोरिया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

- सामाजिक विषयमा एक दरबन्दी।
- विद्यार्थी संख्या बढी भएको कारण थप दरबन्दी उपलब्ध हुने भएमा ऐच्छिक विषयलाई प्राथमिकता दिईनेछ।
- माध्यामिक तहमा सबै विषय शिक्षकले न्युनतम ४(चार) पिरियड अध्यापन गर्नु पर्नेछ।

## परिच्छेद-५

## शिक्षक व्यवस्थापनका आधार

१. विशेष क्षमता (आपाङ्गता) भएका शिक्षकहरुको अपाङ्गताको प्रकृति अनुसार तथा महिला शिक्षकहरूलाई शिक्षक व्यवस्थापनमा विशेष प्राथमिकता दिईनेछ।

२. दरबन्दी मिलान भई व्यवस्थापन हुने शिक्षकले दरबन्दी थप हुने विद्यालयमा विषय मिल्ने गरी जेष्ठता अनुसार रोजेको विद्यालयमा प्राथमिकता दिईनेछ।

३. माथिल्लो तहको योग्यता भएका शिक्षकलाई माथिल्लो तहकै विद्यालयमा व्यवस्थापन गर्न प्राथमिकता दिईनेछ।

४. दरबन्दी मिलान कार्य सम्पन्न नगर्दा सम्म गा.पा.अनुदान कोटामा नियुक्ति र सरुवाका लागि अनुमति रोक्का गरिनेछ। तर संघिय अनुदान प्राप्त गर्ने शिक्षकको तथा कर्मचारीको हकमा रिक्त रहेको स्थानमा संघिय शिक्षा ऐन,नियमावली बमोजिम हुनेछ। यदि शिक्षक विद्यार्थी अनुपात बढी भएमा उक्त दरबन्दीलाई विद्यार्थी संख्याको अनुपातका आधारमा गाउँपालिकामा पुल कायम गरी आवश्यक विद्यालयमा काजमा राख्न सकिनेछ।

- चालु शैक्षिक सत्रको विद्यार्थी भर्ना अभिलेख र विद्यालयको स्थलगत अनुगमनमा देखिएको विद्यार्थी उपस्थिलाई मुख्य आधार बनाइनेछ।
- विद्यालयमा स्वीकृत दरबन्दीमाकार्यरत स्थायी /अस्थायी, राहत,बालबिकास शिक्षक , शिक्षक सिकाइ सहयोग अनुदान कोटा र गाउँपालिकाको शिक्षक अनुदान कोटामा कार्यरत तहगत शिक्षकको संख्यालाई आधार मानिनेछ।
- दरबन्दी मिलानको क्रममा बढी हुन आइ कटौती गर्नुपर्ने दरबन्दीलाई गाउँपालिकाको कुल दरबन्दीमा राखी शिक्षक विद्यार्थी अनुपातका आधारमा अन्य विद्यालयमा खटाइदा सबैभन्दा बढी विद्यार्थि भएका र हाल शुन्य वा न्युनतम दरबन्दी भएका विद्यालयहरूमा प्राथमिकता क्रममा तह अनुसार शिक्षक स्थानान्तरण गरिनेछ।
- यसरी व्यवस्थापन गर्दा भरसक माथिल्लो शैक्षिक भएको शिक्षकलाई माथिल्लो तहमा शिक्षक कमी भएका विद्यालयहरुमा कमशः स्थानान्तरण गरिनेछ।
- सम्बन्धित तहको दरबन्दी उपलब्ध गराउन पनि शिक्षकहरुबाट कक्षा सञ्चालनको व्यवस्था शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा सकेसम्म विषयगत समस्या कम हुने गरी मिलान गरिनेछ।

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

- शिक्षण सहयोग अनुदान र प्राविधिक धार तर्फको शिक्षक तथा प्रशिक्षकहरुलाई यथावत राखिनेछ।
- माथिल्लो तथा अपाङ्गता भएका शिक्षकहरुलाई सकभर घर पायक पर्ने गरी स्थानान्तरण गरिनेछ।
- आन्तरिक सरुवाका लागि पनि प्राप्त निवेदनहरूमध्ये माग तथा हाल बासोबास रहेको स्थानका आधारमा शिक्षकलाई काजमा खटाइने वा स्थानान्तरण तथा पदस्थापना गरिनेछ। तर यस प्रक्रियामा अपाङ्गता भएका र महिलाहरूलाई प्राथमिकता दिइनेछ।
- यस पालिका भित्रका विद्यालयहरुमा कम्तिमा पाँच वर्ष वा सो भन्दा वढी एउटै विद्याभलयमा कार्यरत अस्थायी करार,राहत,बालबिकास,स्थायी तथा गाउँपालिका अनुदान शिक्षकहरुलाई शैक्षिक सुधार तथा गुणस्तर अभिवृद्धीका लागि आवश्यकताका आधारमा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयबाट शिक्षकहरुको काज सरुवा र स्थानान्तरण गर्न सकिनेछ।
- गाउँपालिकाको अनुदान कोटामा कार्यरत शिक्षकको हकमा एउटै विद्यालयमा जतिसुकै अवधि सम्म कार्यरत शिक्षकको काज सरुवा र स्थानान्तरण गर्न सकिनेछ।

## परिच्छेद-६
## शैक्षिक तथा वैयक्तिक विवरण संकलन

१. गाउँपालिकामा कार्यरत सबै शिक्षकहरुको अनुसूची-१ को फारम भरी शिक्षक दरबन्दी मिलान समिति र शिक्षा शाखामा पेश गर्नुपर्नेछ।

२. विद्यालयमा अध्यापन गरिरहेको विषय खुल्ने अनुसूची-२ अनुसारको विवरण विद्यालयसंग माग गरिनेछ।

३. प्रत्येक विद्यालयमा विषयगत शिक्षकहरुको व्यवस्थापन गरिनेछ।

## परिच्छेद-७
## प्रधानाध्यापक नियुक्ती तथा कार्य सम्पादन सम्बन्धमा

१. बर्दगोरिया गाउँपालिका आधारभूत तथा माध्यामिक शिक्षा नियमावली,२०८० को परिच्छेद-८ को नियम२८ बमोजिम विज्ञापन आह्वान गरी प्रधानाध्यापक छनोट गरिनेछ।

२. नियुक्ति पाएको ५ (वर्ष) पछि गाउँपालिका भित्रका अन्य विद्यालयहरुमा आन्तरिक सरुवा गरी प्रधानाध्यापकको जिम्मेवारी तोक्नें सकिनेछ। तर ५ (पाँच) वर्ष भन्दा वढी एउटै विद्यालयमा प्र.अ.को जिम्मेवारी दिन कार्य सम्पादनलाई मुख्य आधार मानिनेछ।

३. करार सम्झौता बमोजिम कार्य सम्पादन सन्तोषजनक नभएमा गाउँपलिकाको अन्य विद्यालयमा सरुवा गर्न सकिनेछ।

४. प्रधानाध्यापकले चौमासिक रुपमा विद्यालयले सम्पादन गरेका मुख्य कार्यहरुको प्रतिवेदन गा.पा.को शिक्षा शाखामा अनिवार्य पेश गर्नु पर्नेछ।

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

५. सामुदायिक विद्यालयहरूमा प्रधानाध्यापक नियुक्ती सम्बन्धी अन्य व्यवस्था कानुन बमजिम हुनेछ।

## परिच्छेद-८

## दरबन्दी मिलान तथा व्यवस्थापन समिति

१. शिक्षकहरुको दरबन्दी मिलान तथा ब्यवस्थापन सम्बन्धी कार्यको सहजिकरण तथा समन्वय गर्न देहायका सदस्य रहेको दरबन्दी मिलान तथा व्यवस्थापन समिति रहनेछः

क. गाउँपालिका अध्यक्ष – अध्यक्ष

ख. गाउँकार्यपालिका सदस्य मध्ये अध्यक्षले तोकेको एकजना महिला सदस्य सहित दुईजना-सदस्य

ग. शिक्षक महासंघको अध्यक्ष वा अध्यक्षले तोकेको प्रतिनिधि-सदस्य

घ. शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख-सदस्य सचिव

२. दरबन्दी मिलान तथा व्यवस्थापन समिति समितिका काम,कर्तव्य तथा अधिकारहरुः

क. दरबन्दी मिलान तथा व्यस्थापनको लागि आवस्यक थप आधारहरु तयार गर्ने

ख. दरबन्दी मिलान तथा व्यस्थापनको लागि आवस्यक बजेटका लागि कार्यपालिकामा माग गर्ने।

ग. दरबन्दी मिलान कार्यविधि अनुसार कार्यदले पेश गरेको दरबन्दी मिलान अन्तिम प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने।

घ. दरबन्दी मिलानका क्रममा विद्यालयबाट आएका गुनासोहरु सम्बोधनका लागि कार्यपालिकामा पेश गर्ने।

## परिच्छेद ९

## दरबन्दी मिलान कार्यदल गठन

१. दरबन्दी मिलान कार्य गर्नका लागि देहायका सदस्यहरु रहेको एक दरबन्दी मिलान कार्यदल रहनेछ।

क. सामाजिक विकास समिति संयोजक- संयोजक

ख. गाउँ शिक्षा समितिले तोकेको एक जना समिति सदस्य-सदस्य

ग. गाउँ शिक्षा समितिले मनोनित गरेका सामुदायिक विद्यालयका २ जना प्रधानाध्यापक- सदस्य

घ. गाउँ शिक्षा समितिले मनोनित गरेका सामुदायिक विद्यालयका एकजना महिला सहित २ जना स्थायी शिक्षक- सदस्य

ङ. शिक्षा शाखाको कर्मचारी- सदस्य सचिव

२. समितिको सचिवालय गाउँपालिकाको शिक्षा शाखा,युवा तथा खेलकुद शाखामा रहनेछ।

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

३.समितिको सचिवालया लागि आवस्यक पर्ने स्टेशनरी क्रम्प्युटर तथा सेवा सुविधाका लागि आवस्यक पर्ने बजेट रकम गाउँकार्यपालिकले व्यवस्था गर्नेछ।

४. दरबन्दी मिलान कार्यदलका काम, कर्तव्य तथा अधिकारहरुः

क. शिक्षक दरबन्दी मिलानका लागि विद्यालयगत मौजुदा शिक्षक तथा कर्मचारीहरुको तथ्यांक संकलन गर्ने।

ख. दरबन्दी मिलानपछि कायम हुने शिक्षक संख्या र थप दरबन्दीका लागि पुग्नुपर्ने विद्यार्थी संख्या यकिन गर्ने।

ग. दरबन्दी मिलान गर्न खटाइने विद्यालय र शिक्षकहरुको नामावली तयार गरी शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन समितिमा पेश गर्ने

घ.गाउँपालिकाले दिएको निर्देशन पालना गर्ने

## परिच्छेद १०

### शिक्षक दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनमा विद्यालय र विद्यालय व्यवस्थापन समितिको भूमिका

१. विद्यालयको भूमिकाः शिक्षक दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनमा विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ।

क. विद्यालयमा रहेका सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुको कार्यदलले माग गरे बमोजिम पछि सम्म फरक नपर्ने गरी तोकिएको समयमा उपलब्ध गराउने

ख. स्थानान्तण गरिएको शिक्षकलाई यथासक्य छिटो रमाना दिई पठाउने तथा रमाना लिई आउने शिक्षकलाई हाजिरी गराउने

ग. शिक्षक दरबन्दी मिलान शिक्षक व्यवस्थापनको लागि आवस्यक सहयोग र समन्वय गर्ने।

घ. विद्यालयको उन्नयन र विकासमा कार्यविधिको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य र दायित्व हुनेछ।

## परिच्छेद ११

### विविध

१. यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरुले शिक्षा ऐन, नियम तथा नेपाल कानुनसँग बाझिएमा बिझिएको हदसम्म अमान्य हुनेछ।

२. यस कार्यविधिका प्रावधानहरुमा गाउँ कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ। साथै कार्यविधिको अन्तिम ब्याख्या गर्ने अधिकार गाउँपालिकालाई मात्र हुनेछ।

३. कार्यविधिमा भएका विषयहरु बाहेक बाधा अड्चन फुकाउन परेमा गाउँपालिकाको नीतिगत निर्णय नै अन्तिम हुनेछ।

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

अनुसूचि -१

## शैक्षिक तथा व्यक्तिगत विवरण संकलन फाराम

### शिक्षकको वैयक्तिक विवरण

१. शिक्षकको नाम थर :- ..........................................२. तह :- ..........................

३. श्रेणी :- ............................ ४. स्थायी ठेगानाः- प्रदेश......................
जिल्ला....................गा.पा/न.पा.......................वार्ड नं............. टोल................

५. जन्म मितिः- .........................साल .................महिना...........गते ६. बाबुको नाम थर :-
..................... ७. बाजेको नाम थर :-..................................८. विवाहित भए पति/पत्निको नाम :-
.............................९. पति पत्निको पेशाः-.....................१०. छोरीको संख्या..............११. छोराको संख्या
................१२. इच्छाएको व्यक्तिको नाम थर ........................१३. इन्छाएको व्यक्ति संगको नाताः-
.............................

### शिक्षकको शैक्षिक विवरण

१. शैक्षिक योग्यता

| क.सं | उत्तिर्ण भएको परिक्षाको उपाधि | अध्ययन गरेको शिक्षण संस्थाको नाम | अध्ययन अविधि देखि सम्म | उत्तिर्ण श्रेणी | अध्ययनका मूख्य विषयहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

२. तालिमको विवरण

| क.सं | तालिमको नाम | तालिमको विषय | तालिम अविधि देखि सम्म | उत्तिर्ण श्रेणी | तालिम दिने संस्थाको नाम, ठेगाना |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

द्रष्टव्यः- एक महिना अवधि भन्दा बढीको तालिमको मात्र विवरण उल्लेख गर्नुहोला।

३. अध्ययन अध्यापनको विवरण

| क्र.सं | अध्ययन गरेको मुख्य विषय | शिक्षकमा नियुक्ति पाएको विषय | हाल विद्यालयमा अध्ययन गरिरहेको विषय | अध्यापन गर्न सक्ने विषय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

४. उपाधि तथा विशेष योग्यता

| क्र.सं | उपाधिको नाम | उपाधि प्रदान गर्ने निकाय | उपाधिको किसिम | विशेष योग्यता उल्लेख गर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

५.अध्ययन अनुमतिपत्र सम्बन्धी विवरण

| क्र.सं | शिक्षकको नाम थर | अध्ययन अनुमति पत्रको किसिम | | अध्यापन अनुमति पत्र प्राप्त गरेको मिति | तह | कैफियत |
|---|---|---|---|---|---|---|
| | | अस्थायी | स्थायी | | | |
| | | | | | | |

अनुसूचि -२

विद्यालयमा अध्यापन गरिरहेको विषय प्रमाणित फाराम

विद्यालयको नाम ठेगानाः- ..............................................................स्विकृत तह :- .........

साविकको दरबन्दी विवरण :- उ.मा.वि............ मा.वि............., नि.मा.वि................., प्रा.वि............

| क्र.सं. | शिक्षकको नाम,थर | तह | स्थायी /अस्थायी मिति | अध्ययनको मूल विषय | अध्ययनको ऐच्छिक विषयहरु | नियुक्तिमा उल्लेखित विषय | विद्यालयमा हाल अध्यापन गरेको विषय | अध्यापन गर्न सक्ने विषय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत

**प्रकाश ढुंगाना**
प्रमुख प्रशासकीय अधिकृत